बैठक नं :- १४

मिति: २०७५/०१/१९ गते बुधबार

समय: ११:०० बजे बिहान

स्थान : बाँफिकोट गाउँकार्यपालिकाको सभाहल ,बाँफिकोट रुकुम (पश्चिम)

आज मिति २०७५/०१/१९ गते बुधबारका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफिकोट गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाको बैठक बसी तपशीलको उपस्थितिमा तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

## तपशील

उपस्थिति :-

| | |
|---|---|
| श्री धर्मबहादुर के.सी | :- अध्यक्ष, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनकला पुन, | :- उपाध्यक्ष, बाँफिकोट गाउँ कार्यपालिका,रुकुम(पश्चिम) |
| श्री हर्कु मल्ल | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री धनबहादुर खत्री | :- सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री चन्द्रबहादुर के.सी | :- सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री लिलाराम वि.क | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री कस्तुप प्रकाश दाहाल | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनोजकुमार अधिकारी | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री नरबहादुर खत्री | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर के.सी | :- सदस्य, बाँफिकोट गाउँकायपालिका ,रुकुम(पश्चिम) |
| श्री कबिराम के.सी., | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री अर्जुन चन्द, | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री झरना शाही, | :-सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री जनकुमारी खत्री, | :- सदस्य, बाँफिकोट गाउँ कार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री तारा बुढा के.सी | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री सिता खडका के.सी | :- सदस्य, बाँफिकोट गाउँकार्यपलिकाका ,रुकुम(पश्चिम) |
| श्री शेरु विश्वकर्मा | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर बादी | :- सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री लोकबहादुर कुसारी | :- सदस्य सचिव, बाँफिकोट गाउँकायपालिका, रुकुम(पश्चिम) |

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

**प्रस्तावहरू :**

१) योजना/आयोजनाहरुको अन्तिम अनुगमन सम्बन्धमा ।

२) गाउँपालिकाको लागि आवश्यक कानून सम्बन्धमा ।

३) गाउँपालिकाको शिक्षा क्षेत्रको व्यवस्थापन सम्बन्धमा ।

४) विविध सम्बन्धमा ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु : -**

**निर्णय नं. १** :- प्रस्ताव नं.१ को बिषयमा व्यापक छलफल गर्दा बाँफिकोट गाउँकार्यपालिकाको निर्णय र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तोकिएको अनुगमन समितिले यस गाउँपालिकाको योजना/आयोजनाहरुको अन्तिम स्थलगत अनुगमन र मुल्याङ्कन गरि प्राप्त सुझाव र प्रतिक्रियाका आधारमा अन्तिम रकम भुक्तानी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २(क)** :- प्रस्ताव नं. २ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको बिधायन समितिले तयार गरि कार्यपालिकामा पेश गरेको तपशील बमोजिमका कार्यविधिहरु बाँफिकोट गाउँपालिकाको राजपत्रमा प्रकाशन गरि लागु हुने गरि स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील

- बाँफिकोट गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५
- बाँफिकोट गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि,२०७५
- बाँफिकोट गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

**निर्णय नं. २(ख) :-** यस गाउँपालिकाको बिधायन समितिले कार्यपालिकामा पेश गरेको तपशील बमोजिमको ऐनको मस्यौदा कार्यपालिकाबाट स्वीकृत गरि स्वीकृत तथा प्रमाणिकरणका लागि गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) नेपाल २०७३

तपशील

- बाँफिकोट गाउँपालिकाको विपद् जोखिम् न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको बिधेयक, २०७५
- न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ को विषयमा व्यापक छलफल गर्दा तपशील बमोजिम हुनेगरि निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील :

- विद्यार्थी संख्याको आधारमा समतामुलक दरबन्दी मिलान गर्ने ।
- प्रत्येक विद्यालयहरुले कक्षा १ देखि कक्षा १० सम्म रजिष्ट्रेशन र परीक्षा शुल्क बाहेक अन्य शुल्कहरु अभिभावक तथा विद्यार्थीहरुबाट नलिने ।
- यस गाउँपालिकाका ~~भिरी क्षेत्रको रुपमा~~ मेलगैरी, लिखाबाङ, सेजे र बास्तला लाई शैक्षिक रुपमा भौगोलिक बिकट क्षेत्र निर्धारण गर्ने ।
- उल्लेखित बिकट क्षेत्रहरुमा साविगको दरबन्दी (स्थायी र राहत) कायम गरि कक्षा ५ सम्म सञ्चालन गर्न अनुमति दिने ।
- यस गाउँपालिकाको बिकट क्षेत्रबाहेकको क्षेत्रहरुमा प्राथमिक तह(कक्षा १ देखि कक्षा ५ सम्म)का लागि विद्यार्थी शिक्षक अनुपात २५ : १ (दरबन्दी र कक्षा) कायम गर्ने र कक्षा ६ देखि कक्षा १२ सम्म विद्यार्थी शिक्षक अनुपात ३५ : १(दरबन्दी र कक्षा) कायम गर्ने ।
- यस गाउँपालिकाका विद्यालयहरुमा विद्यार्थी संख्या, दरबन्दी मिलान र विद्यालय समायोजन सम्बन्धी अध्ययन, सर्वेक्षण र बिश्लेषण गरि प्रतिवेदन कार्यपालिकासमक्ष पेश गर्ने गरि गाउँशिक्षा समितिलाई जिम्मा दिने ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ को विविध विषयमा छलफल गर्दा तपशील बमोजिम हुनेगरि निर्णय सर्वसम्मतिले पारित गरियो ।

*नोट १ :-मिति २०७५/०१/१५ गतेदेखि २०७५/०१/१८ गतेसम्म परेको मौसमी असिना र त्यसबाट हिंउदे बाली, दलहन नोक्सानी पुऱ्याएकोले त्यहाँका जनताको जीवन यापनका लागि आवश्यक पर्ने खाद्यान्न आपुर्तिका लागि नेपाल सरकार खाद्य मन्त्रालयसँग माग गर्ने साथै सम्पूर्ण कृषि पेशा आबद्ध यस गाउँपालिकाका सम्पुर्ण नागरिकहरुलाई बाली बिमा गर्न प्रेरित गर्ने नीति लिने निर्णय गरियो ।*

*नोट २ :- यस गाउँपालिकाको स्वीकृत वार्षिक बिकास कार्यक्रम अनुसार रिङरोड अर्को आर्थिक वर्षबाट बजेट बिनियोजन गरि कार्यान्वयन गर्ने ।*

*नोट ३ :- यस गाउँपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत एकल महिला तर्फ बिनियोजीत रकम अनुसार अपुग भएको रकम रु १,०२,६००। आवश्यक प्रक्रिया पुऱ्याइ नियमानुसार भुक्तानी दिने ।*

*नोट ४ :-गाउँकार्यपालिकाबाट पारित करारमा प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७५ अनुसार संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा आवश्यक स्वास्थ्य तर्फको अहेभ, अनमी र कार्यालय सहयोगी पदहरुमा नियमानुसार कानुनबमोजिम आवश्यक प्रक्रिया अपनाई पदपुर्ति गर्न स्वास्थ्य तथा सरसफाइ कार्यालयलाई जिम्मा दिने । सो व्यवस्थाका लागि आवश्यक पर्ने बजेट, घरभाडा र कार्यालय व्यवस्थापन सम्बन्धि कार्य गाउँकार्यपालिकाको कार्यालयले गर्ने ।*

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत
बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) नेपाल २०७३

नोट ५ :-राहत उपलब्ध गराइपाउँ भनी यस गाउँकार्यपालिकाको कार्यालयमा प्राप्त हुन आएका निवेदन माथि छलफल गर्दा यस अघिको कार्यपालिकाको बैठकको निर्णयलाई मापदण्ड मानि भुक्तानी दिने ।

राहतको विवरण :

| क्र.स. | नामथर | घटना प्रकृति | राहत रकम | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अमृत घिताल | चट्याङ बाट क्षति | २५,००।- | ८ | |
| २ | गोपी मल्ल | क्यान्सर | २०,०००।- | ३ | |
| ३ | यज्ञ ब. केसी | मृगौला रोगी | ८,०००।- | ४ | |
| ४ | खड्क ब. खत्री | मृगौला रोगी | ८,०००।- | ६ | |
| ५ | लाल ब. मल्ल | क्यान्सर | २०,०००।- | ३ | |
| ६ | चनमति दमाई | क्यान्सर | २०,०००।- | ६ | |
| ७ | रने दमाई | मृगौला रोगी | ८,०००।- | ६ | |
| ८ | ललिता नेपाली | हाँत भाँचिएको | ५,०००।- | २ | खारेज गरिएको |
| ९ | सुशिला पौडेल | मृगौला रोगी | ८,०००।- | २ | |
| १० | कमला केसी | मुटु अप्रेशन | ८,०००।- | २ | |
| ११ | प्रदिप खत्री | प्यारालाइसिस | ८,०००।- | ७ | |
| १२ | बिमला केसी | मुटुरोगी | ८,०००।- | २ | |
| १३ | धनजीत खत्री | विद्युत शट आगलागि | ५,०००।- | २ | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)ञ. अनुसार माथि उल्लेखित निर्णयहरु प्रमाणित गरिएको छ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत